जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ३५ २०७९ साल भदौ १० गते शुक्रबार (26 Aug 2022 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : सिरहा र सप्तरीमा सिञ्चित ... ३ पृष्ठमा : मुख्यमन्त्री, मन्त्री तथा सांसदहरूका ... ३ पृष्ठमाइथियोपियामा पुनःहिंसा बढेकामा

# “डेट एक्सपायर” भइसकेका पार्टीबाट आशा नगरौं : डा. सीके राउत आफ्नो नेतृत्वको पार्टी ‘बुलेट ट्रेन’



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले विगत ७० वर्षदेखी नेपालको सत्ताशासन चलाइरहेका पार्टीहरुको “डेट एक्सपायर” भइसकेको बताएका छन् । उनले भने “नेपाली काँग्रेस ७० वर्ष, कम्युनिष्ट पार्टी ३० वर्ष र मधेशवादी दल विगत १५ वर्षदेखी सत्तामा रहिरहँदा मुलुकमा भ्रष्टाचारका कारण खोक्रो भइसकेको छ ।”

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ६ स्थित जिरिया हाटमा बिहीबार जनमत पार्टीले आयोजना गरेको आम सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

आमसभालाई सम्बोधन गर्दै डा. राउतले भने, “ती पार्टीहरुले मुलुकमा प्रजातन्त्र, लोकतन्त्र, संघीय गणतन्त्र ल्याइदिएकोमा धन्यवाद, अहिलेको युगमा जनमत बुलेट ट्रेन जस्तै पार्टी बन्न गइरहेको छ ।” उनले आफु नेतृत्वको पार्टीलाई ‘बुलेट ट्रेन‘ भन्दै यही ट्रेनले मुलुकलाई गन्तव्यमा पुऱ्याउने दाबी समेत गरे ।

“थोत्रा गाडीका रुपमा रहेका शासन गरिरहेका दलहरुलाई छाडेर आफुहरुलाई आगामी निर्वाचनमा साथ दिन जनतासँग आग्रह गर्दै उनले भने, विभिन्न राजनीतिक दलले मुलुकमा पालै पालो शासन गरेपनि जनताको अवस्था भने अझै विकराल बन्दै गएको छ ।” शासन गरिसकेका दलहरुबाट अब मुलुकले गति लिन नसक्ने दावीका साथ उनले भने, ‘थोत्रा गाडीबाट यात्रा सुनश्चित हुन सक्दैन, यी दलहरु त्यस्तै थोत्रा गाडी हुन ।‘

कसैले प्रजातन्त्रको नाममा, कसैले सर्वाहाराका नाममा अनि कसैले मधेशका नाममा अहिलेसम्म जनतालाई झुक्याएर शासन गरेपनि त्यो सबै झुठको पुलिन्दा रहेको बताउँदै उनले ‘राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा नै खाद्यान्नमा आत्मनिर्भर रहेको मधेशमा अहिले अर्बौको धान भारतबाट ल्याउनुपर्ने अवस्था छ भने तिनको झुठको खेतीलाई कति दिन पत्याउने‘ भने ।

जिल्लाको निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि यस अघिनै आफु उम्मेदवार हुने घोषणा गरिसकेको डा. राउतले पार्टीका नेता कार्यकर्तालाई संगठन निर्माण र चुनावको तयारीका लागि जनतामा जान निर्देशन समेत दिए ।

सप्तरी जिल्ला सचिव थानेश्वर साहद्वारा संचालित आमसभामा पार्टीका केन्द्रीय कोषाध्यक्ष ई. सुर्यनारायण यादव, तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सत्तिश कुमार सिंह लगायतले पनि सभालाई सम्बोधन गरे ।

# तिलाठी गापाका निवर्तमान अध्यक्ष सिंहसहित दुई हजार जनमतमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ६ स्थित जिरिया हाटमा बिहीबार जनमत पार्टीले आयोजना गरेको आम सभामा सो गाउँपालिकाका निवर्तमान अध्यक्ष सतिश कुमार सिंह लोसपा परित्याग गरि सोही पार्टीमा प्रवेश गरेका छन् ।

उनीसँगै विभिन्न पार्टी परित्याग गरी दुई हजार व्यक्ति जनमत पार्टीमा प्रवेश गरेको जिल्ला सचिव थानेश्वर साहले जानकारी दिएका छन् ।

जनमत पार्टीका केन्द्रिय अध्यक्ष डा. सिके राउतले उनीहरुलाई फुल माला अविर लगाई पार्टीमा स्वागत गरेका छन् । जनमत पार्टी जनाधार बढ्दै गएको दावी गर्दै अलमलमा रहेका अन्य दलका नेता तथा कार्यकर्तालाई जनमत पार्टीमा आउन आह्वान समेत गरे ।

निवर्तमान गाउँपालिका अध्यक्ष सिंहलाई आगामी मंसिर ४ गते हुने निर्वाचनमा जनमत पार्टीले सप्तरीको क्षेत्र नं. २ (क) बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार बनाउने लगभग निश्चित भएको जनमत पार्टी श्रोतले जनाएको छ ।

# एक हजार ३ सय ६६ ले बुझाए खर्च विवरण

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

हालै सम्पन्न स्थानिय तह निर्वाचनमा भाग लिएकाहरु मध्ये एक हजार तीन सय ६६ उम्मेदवारले जिल्ला निर्वाचन कार्यालयमा स्पष्टिकरणसहित खर्च विवरण बुझाएका छन् ।

कानुनले तोकेको ३० दिनको अवधिमा दुई सय ४६ ले मात्र निर्वाचन खर्च विवरण बुझाएकामा एक साताको अवधिमा एक हजार तीन सय ६६ उम्मेदवारले स्पष्टीकरण बुझाएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

अन्तिम दिन मंगलबार अबेर रातिसम्म एक हजार ५९ जनाले खर्च विवरण जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले जानकारी दिएका छन् ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा सप्तरीमा कुल आठ सय ५६ पदका लागि पाँच हजार पाँच सय ३५ जनाले उम्मेदवारी दिएका थिए ।

खर्च विवरण बुझाउनका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना सार्वजनिक गर्दा र ताकेता गर्दासमेत खर्च विवरण बुझाउन नआउनेहरू अहिले एक साताको समयावधिमा लाम खर्च विवरण बुझाउन आएका थिए ।

खर्च विवरण नबुझाउने र ढिलो बुझाउनेलाई निर्वाचन आयोगले साउन ३१ गते एक साताको समय दिएर स्पष्टीकरणसहितको प्रेस विज्ञप्ति जारी गरेको थियो । जिल्ला निर्वाचन कार्यालयले भदौ १ गते एक साताको समयावधि दिएर उम्मेदवारसँग स्पष्टीकरण सोधेको थियो ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# पारिवारिक सदस्यहरुबीच सकारात्मक व्यवहार जरुरी

घरेलु महिला हिंसा सप्तरीमा रोकिन सकिएको छैन् । विभिन्न वहानामा आफन्तबाटै हुने घरेलु महिला हिसाका घटनाहरु झनै जटिल हुँदै गएको छ । प्राय अहिले सासु, ससुरा र बुहारी तथा श्रीमान बीचका हुने घरायसी विवादहरु बढ्दै गएको हो । यी घरायसी विवादहरु बढ्दै जाँदा अदालतसम्म पुग्ने गरेका छन् । ती मध्ये बुहारीलाई कुनै न कुनै बहानामा घर निकाला गर्ने घटनाहरु समेत बढ्दै गएको छ । जसकारण अदालतले आदेशमा पुनः बुहारीलाई घर प्रवेश गर्न बाध्य हुन्छन् ।

यसरी घरायसी विवादले ठूलो रुप लिँदा समाजदेखी अदालतसम्मको शरणमा पुग्नु आफैमा दुर्भाग्य हो । यस्ता घटनाहरुप्रति परिवार आफै सचेत हुनु आवश्यक छ । यस्ता विवादले कसैको भलो नहुने भएकाले कानुनको शरणमा पुग्नु पर्ने बाध्यात्मक अवस्था सृजना हुन नदिन परिवारिक मेलमिलाप अत्यन्त आवश्यक छ । विगतका दिनहरुमा जिल्लामा पारिवारिक भन्दा बढी छरछिमेकबाट हुने महिला हिंसाका घटनाहरु सार्वजनिक हुने गर्दथ्यो । तर, अहिले महिला हिंसा आफ्नै परिवारका सदस्यहरुबाट भइरहेकोप्रति चेतनाको कमी वा अन्य कारण हुन सक्छ । सप्तरीमा परिवारकै सदस्यबाट हुने महिला हिंसाका घटनाहरु विगत तीन महिनाको अवधीमा आधा दर्जन पुगेको छ । र ती सबै अदालतकै आदेशबाट हाललाई सुल्झिएको छ ।

तसर्थ यस्ता घटनाहरु न्युनिकरणका लागि पारिवारिक सदस्यहरुबीचको मनमुटावको दुरी कम र एकले अर्काप्रति सम्मानजनक व्यवहार गर्नु अति आवश्यक छ । अनिमात्र यस्ता घटनाहरुलाई न्युनिकरण गर्न सकिन्छ । अथवा यस्ता घटनालाई जडैबाट उखाल्न पारिवारिक सदस्यहरुबीच सकारात्मक व्यवहार जरुरी छ । एकले गर्ने गल्तिलाई सुधार गर्नेतर्फ ध्यान दिनु पर्ने पनि उत्तिकै आवश्यक छ भने अर्कोले गर्ने व्यवहारलाई सकारात्मक रुपमा प्रस्तुत हुनु नै विकल्पको रुपमा लिन सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सिरहा र सप्तरीमा सिञ्चित क्षेत्र बढ्दै

जनकपुरधाम, ९ भदौ (रासस) ।

सिँचाइकै आभावमा गतवर्ष राम्ररी धानखेती गर्न नसकेर निराश बनेका सिरहाका किसान यसवर्ष खुशी छन् । आफ्ना अधिकांश जग्गामा रोपाइँ सम्पन्न भएपछि उनीहरू रमाएका हुन् ।

धनगढीमाई नगरपालिका-१२ का किसान सुबोध महतोले भन्नुभयो,“ सिँचाइको माध्यमबाट भएपनि समयमै रोपाइँ सम्पन्न भयो ।” तर यसवर्ष वैकल्पिक सिँचाइका लागि भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले ‘डिप टयूबेल’ जडान गरेपछि खेती गर्न सहज भएको उहाँको भनाइ छ ।

अघिल्लो सिँचाइको अभावमा करिब एक बिघामा मात्र धान खेती गर्न सकेको उहाँले यसवर्ष भने दुई बिघा क्षेत्रफलमा धानबाली लगाएको जानकारी दिनुभयो ।

यस्तै सिरहाकै नरहा गाउँपालिका- ५ बलुवाका किसानकारी यादवलाई पनि यसवर्ष धानबाली लगाउन समस्या भएन् । उहाँले पनि साउनको पहिलो साता नै धान रोपाइँ गरेर थमान मेटाइरहेको बताउनुभयो ।

“अघिल्लो वर्ष जस्तो यसवर्ष खेती गर्न पानीको कुनै समस्या भएन्” उहाँले भन्नुभयो,“यसवर्ष डिप टयुवेलबाट पानी आएपछि समयमै धान रोपाइँ गरे, खासै पानीको दुःख भएन् ।” महतो र यादव मात्र होइन्, विगतको वर्षमा खेतीका लागि आकाशे पानीको भरपर्दै आएका सिरहा र सप्तरीका किसानको सिँचाइको समस्या विस्तारै टर्दै गएको छ ।

अन्नबालीको भण्डार मानिएको सिरहा र सप्तरीमा बर्सेनि खडेरीको माग खेप्दै आएका किसानलाई राहत पुऱ्याउने उद्देश्यका साथ भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले डिप टयुवेल, स्यालो टयुवेल र पावर ड्रिल जडान गरेपछि आफूहरूको सिँचाइको समस्या टर्दै गएको किसानले बताएका छन् ।

भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले आर्थिक वर्ष २०७८/७९ मा सिरहा र सप्तरीमा थप दुई हजार ८४० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको जनाएको छ । सिँचाइका लागि आर्थिक वर्ष २०७८/७९ मा सिरहा र सप्तरीमा ४५ थान डिप टयुवेल र ३५ थान पावर ड्रिल जडान गरेपछि सिञ्चित क्षेत्र बढेको कार्यालय लहानका कार्यालय प्रमुख सुदर्शन अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ मा जडान गरिएको डिप टयुवेल र पावर ड्रिलबाट थप सिरहामा एक हजार आठ सय ४८ हेक्टर र सप्तरीमा नौ सय ९२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । एक थान डिप टयूवेलबाट ६० हेक्टर र पावर ड्रिलबाट चार हेक्टरमा सिँचाइ हुन्छ । आर्थिक वर्ष २०७८/७९ मा सिरहामा २९ थान र सप्तरीमा १६ थान गरी ४५ थान डिप टयूबेल जडान गरिएको सो कार्यालयका हाईड्रोजियोलिष्ट दीपीका साहले जानकारी दिनुभयो । सिँचाइ सुविधा पुऱ्याएर कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले सो कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा सिरहामा २७ थान र सप्तरीमा आठ थान पावर ड्रिल समेत जडान गरिएको हाईड्रोजियोलिष्ट साहले बताउनुभयो ।

यस्तै सो अवधिमा १४ वटा पम्पको मर्मत गरी पुनः सञ्चालनमा ल्याएको, १८ वटा वितरण प्रणाली तथा घर निर्माण गरिएको उहाँको भनाइ छ । सो आर्थिक वर्षमा सिरहा र सप्तरीका ११ थानमा विद्युतीकरण पम्प जडान गरिएको जनाएको छ ।

गत आर्थिक वर्ष २०७७/७८ मा सो कार्यालयले सिरहामा ४० थान र सप्तरीमा आठ थान पावर ड्रिल जडान गरेको थियो । उक्त आर्थिक वर्षमा सिरहामा छ थान र सप्तरीमा १५ थान गरी २१ थान स्यालो टचुबेल समेत जडान गरिएको थियो ।

किसान समूहमा आवद्ध भएका किसानको माग र सरकारले छनोट गरेको योजना अनुसार सिरहा र सप्तरीमा डिप टचुबेल, स्यालो टचुवेल र पालर ड्रिल जडान गर्दै आएको प्रमुख अधिकारीको भनाइ छ । यसरी बर्सेनि डिप टचुवेल, स्यालो टचुवेल तथा पावर ड्रिल जडान हुन थालेसँगै सिञ्चित क्षेत्र बढ्दै गएको स्थानीय किसानले बताएका छन् ।

“पहिला सिञ्चित क्षेत्र कम रहेकाले वर्षाको भरमा मात्र किसानले खेती गर्दै आएको थियो”, धनगढीमाई नगरपालिकाका किसान श्याम महतोले भन्नुभयो,“ तर डिप टचूवेल र स्यालो टचूवेल जडान गर्ने क्रम बढ्सँगै विस्तार सिचिञ्त क्षेत्र बढ्दै गएको छ ।” यसबाट खेती गर्न सहज भइरहेको उहाँको भनाइ छ ।

# तराईका तीन विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन बनाइँदै

काठमाडौँ, ९ भदौ (रासस) ।

सरकारले विभिन्न तीन विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन निर्माण गर्ने भएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले क्षेत्रीय हब विमानस्थलका रूपमा रहेका विराटनगर, नेपालगञ्ज तथा भरतपुर विमानस्थलमा चालु आर्थिक वर्षभित्रै टर्मिनल भवन निर्माण सुरुआत गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाएको हो ।

प्राधिकरणका निमित्त उपमहानिर्देशक एवं प्रवक्ता जगन्नाथ निरौलाले विराटनगर, नेपालगञ्ज तथा भरतपुर विमानस्थलमा टर्मिनल भवन निर्माण प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । उहाँका अनुसार ती विमानस्थलमा नयाँ टावर टर्मिनल भवन निर्माणार्थ ठेक्का लगाउन प्राधिकरणले बुधबार सूचना प्रकाशन गरेको छ ।

ती विमानस्थलमा ५० वर्षभन्दा बढी पुराना टर्मिनल भवन जीर्ण बनेका तथा पछिल्लो समय जहाजको सिट सङ्ख्या बढ्नुका साथै हवाईयात्रु पनि बढेकाले यात्रुको सुविधालाई मध्यनजर गर्दै प्राधिकरणले नयाँ आधुनिक टर्मिनल भवन निर्माण गर्न लागेको प्रवक्ता निरौलाले बताउनुभयो ।

उहाँले विमानस्थल साँघुरो भएकाले व्यावसायिक गतिविधिसमेत हुने गरी ‘डिजाइन’ गरेर नयाँ टर्मिनल भवन बनाउन लागिएको जानकारी दिनुभयो । “तराई क्षेत्रका विमानस्थलका पुराना संरचना करिब जीर्ण अवस्थामा छन् । ५० वर्षभन्दा बढी पुराना टर्मिनल भवनमा यात्रु व्यवस्थापन र विमानस्थलको अत्यावश्यक सुविधा विस्तार गर्न कठिन हुने भएकाले आधुनिक सुविधासम्पन्न टर्मिनल भवन बनाउन प्राधिकरणले प्रक्रिया थालेको छ”, उहाँले भन्नुभयो ।

बहुवर्षीय कार्यक्रमअन्तर्गत ती विमानस्थलका टर्मिनल भवन बनाइनेछ । यसमा सरकारको सेयर लगानी रहने छ । टर्मिनल भवन बनाउन करिब रु नौ अर्ब लगानी हुने प्राधिकरणले जनाएको छ । ती भवनमा अत्याधुनिक ‘कन्भेयर बेल्ट’सहित हुनेछ । आन्तरिकमा पसलकबलसहितको एयर कण्डिसन, खुला र फराकिलो हुने गरी बनाइने छ । एक महिनाको सूचनापछि मूल्याङ्कन गरेर दुई महिनाभित्रै ‘अवार्ड’ हुनेछ ।

प्राधिकरणका प्रवक्ता निरौलाले चालु आर्थिक वर्षभित्रै टर्मिनल भवन निर्माण सुरु हुने र तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने योजना रहेको जानकारी दिनुभयो । निर्माणाधीन जुम्ला, तुम्लिङटार र साँफेबगरको काम सकिन लागेको छ । जुम्लाको टर्मिनल भवन अन्तिम चरणमा पुगेको जनाइएको छ ।

प्राधिकरणका अनुसार मुलुकमा हाल तीन अन्तर्राष्ट्रियसहित जम्मा ५३ विमानस्थल निर्माण भएका छन् । तीमध्ये अहिले ३३ विमानस्थल सञ्चालनमा रहेका छन् भने बाँकी २० विमानस्थल निर्माण भएर पनि सञ्चालन भएका छैनन् । हालसम्म ४० विमानस्थल कालोपत्र गरिएका छन् । दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छ । पोखरा क्षेत्रीय विमानस्थल आगामी सन् २०२३ जनवरी १ देखि सञ्चालनमा ल्याउने प्राधिकरणले जनाएको छ ।

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भएर अहिले आन्तरिकमा ११ हेलिकोप्टर कम्पनीसहित २० वायुसेवा प्रदायक तथा अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित २६ वायुसेवा प्रदायकले उडान भर्दै आएका छन् ।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निलम्बित प्रधानन्यायाधीश जबरासँग १५ गते सोधपुछ गर्ने

काठमाडौँ, ९ भदौ (रासस) ।

महाअभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई सोधपुछ बयानका लागि यही भदौ १५ गते बोलाउने निर्णय गरेको छ । सिंहदरबारमा बुधबार बसेको समितिको बैठकले महाअभियोग लागेर निलम्बनमा पर्नुभएका जबरालाई सोधपुछ बयान लिनका लागि यही भदौ १५ गतेको बैठकमा बोलाउने निर्णय गरेको हो ।

समितिले निलम्बित प्रधानन्यायाधीश जबरालाई लगाइएको महाअभियोगका सम्बन्धमा थप उजुरी, सूचना वा जानकारी दिन सार्वजनिक सूचना गर्ने र राष्ट्रियस्तरका कानूनी र न्यायिक क्षेत्रका सङ्घसंस्थालाई पत्राचार गर्ने निर्णयसमेत गरेको छ ।

समितिले बुधबारै आन्तरिक कार्यविधि र कार्यतालिकासमेत पारित गरेको छ । समितिले महाअभियोगका सम्बन्धमा थप उजुरी, सूचना वा जानकारी दिनका लागि यही भदौ १२ गतेसम्म तीन दिनको समय दिने, १५ गते निलम्बित प्रधानन्यायाधीशसँग सोधपुछ बयान लिने र १९ गतेभित्र प्रतिवेदन तयार गर्नेगरी कार्यतालिका पारित गरेको छ ।

समितिमा जतिसक्दो चाँडो प्रतिवेदन बुझाउने सहमति भएको समितिका ज्येष्ठ सदस्य रामबहादुर विष्टले जानकारी दिनुभयो । समिति गठन भएपछि बुधबार तेस्रो बैठक बसेको हो । बुधबारको निर्णयसँगै समितिले द्रुत गतिमा काम प्रारम्भ गरेको छ ।

# मुख्यमन्त्री, मन्त्री तथा सांसदहरूको सुविधामा वृद्धि

जनकपुरधाम, ९ भदौ (रासस) ।

मधेस प्रदेश सरकारले मुख्यमन्त्री, मन्त्री तथा सांसदहरूको सेवासुविधा बढाएको छ । गत २३ साउनको मन्त्रिपरिषद् निर्णयानुसार ५ भदौमा प्रदेश राजपत्रमा नयाँ तलवमान सार्वजनिक गरिएका छन् ।

आर्थिक सङ्कट बढ्दै जाँदा सरकारले व्ययभार बढ्ने गरी मन्त्री र सांसदहरूको सुविधा थपेको र मधेसका मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूचीलाई हेरफेर गरेर प्रदेश सरकारले सेवासुविधामा वृद्धि गरेका हुन् ।

मन्त्रिपरिषद् बैठकको निर्णयानुसार बहालवाला मुख्यमन्त्री, मन्त्री, प्रदेशसभाका पदाधिकारी, सांसद र प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यको तलबमा रु दुई हजारका दरले वृद्धि गरिएको छ ।

मुख्यमन्त्री र मन्त्रीका पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची (१) को १ मा पारिश्रमिक प्रतिमहिना दुई हजार थप गर्ने र सवारी इन्धनको इकाइ दरमा 'लिटर' शब्दको पछाडि 'प्रतिमोटर' शब्द थप गरी सुविधा उपलब्ध गराउने निर्णय गरिएको हो । कानुन न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइटमा प्रदेश राजपत्र प्रकाशित गरेको र जसअनुसार अब मधेस प्रदेशका मुख्यमन्त्रीले प्रतिमहिना ६२ हजार नौसय ७० रुपैयाँ तलब पाउनेछ ।

त्यस्तै मन्त्रीले रु ५९ हजार सातसय ८०, राज्यमन्त्रीले रु ५८ हजार चारसय ९० र सहायक मन्त्रीले रु ५५ हजार तलब पाउने भएको हो । मुख्यमन्त्रीलाई विगतमा प्रतिमहिना तीनसय लिटर इन्धन प्रदान गर्दै आएकामा अब प्रतिगाडी तीनसय लिटर इन्धन पाउनेगरी मन्त्रिपरिषद्बाट निर्णय गरिएका छन् । यसअघि मन्त्रीले प्रतिमहिना दुईसय ५०, राज्यमन्त्रीले दुईसय २५ र सहायक मन्त्रीले २०० लिटर सवारी इन्धन पाउँदै आएको थियो ।

**सांसदको सेवासुविधा वृद्धि**

उता प्रदेशसभाका पदाधिकारी र सांसदकोसमेत रु दुई हजार तलब र सेवासुविधा वृद्धि भएको र प्रदेश सभामुखले अब प्रतिमहिना रु ६१ हजार, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षका सचेतकले रु ५९ हजार सातसय ८०, दलको नेता, सत्तापक्षका प्रमुख सचेतक, विपक्षी दलका प्रमुख सचेतक र सभापतिले रु ५८ हजार चारसय ९०, दलका प्रमुख सचेतक र सचेतकले ५५ हजार र सदस्यले ५४ हजार छसय रुपैयाँ तलब पाउनेछन् ।

प्रदेश नीति आयोगका उपाध्यक्षले रु ५६ हजार चारसय ९० र सदस्यले रु ५३ हजार तलब पाउँदै आएकामा अब उनीहरूको तलब क्रमशः प्रदेश राज्यमन्त्री तथा प्रदेश सहायकमन्त्रीसरह प्रदान गरिने मुख्यमन्त्री कार्यालयका सचिव शिवनाथ पौडेलले जानकारी दिनुभयो । सचिव पौडेलका अनुसार बढ्दो महँगीका बीचमा सबैको पारिश्रमिक तथा सेवासुविधामा सामान्य हेरफेर गरिएको जानकारी दिए ।

# वीरगञ्ज नाकाबाट हुने कारोबार घट्दै

पर्सा, ९ भदौ (रासस) ।

देशकै प्रमुख व्यापारिक नाका वीरगञ्जलाई प्रयोग गरी स्वदेश तथा विदेशतर्फ हुने कारोबारमा सङ्कुचन देखिएको छ । वीरगञ्ज नाका प्रयोग गरी हुने मालवस्तुको आयात निर्यात २८ प्रतिशतले घटेपछि त्यसको नकारात्मक प्रभाव भन्सार कार्यालयको राजस्व सङ्कलनमा परेको छ ।

गत आर्थिक वर्षको साउनमा वीरगञ्ज नाकाबाट कुल १६ हजार चार सय ३७ प्रज्ञापनपत्रमार्फत कारोबार भएको तुलनामा चालु आवको सोही अवधिमा चार हजार पाँच सय ८९ कम आर्थिक ११ हजार आठ सय ४८ प्रज्ञापन पत्रमात्र कारोवारका लागि प्रयोग भएका छन् । यो समीक्षा अवधिको तुलनामा २७.९१ प्रतिशत कम हो । वीरगञ्ज भन्सारबाट ग्रिन च्यानलमार्फत हुने कारोबारमा ३९ प्रतिशत, एलो च्यानलबाट हुने कारोबारमा २० प्रतिशत र रेड च्यानलमार्फत हुने कारोवार २७ प्रतिशतले कमी आएको भन्सार कार्यालयले जनाएको छ ।

गत आवको साउनमा ग्रिन च्यानलबाट चार हजार ६६, एलो च्यानलबाट चार हजार तीन सय ६० र रेड च्यानलबाट आठ हजार ११ वटा प्रज्ञापनपत्रमार्फत कारोबार भएकोमा चालु आवको सोही अवधिमा ग्रिन च्यानलबाट एक हजार पाँच सय ८०, एलो च्यानलबाट तीन हजार पाँच सय १२ र रेड च्यानलबाट पाँच हजार आठ सय ५० प्रज्ञापनमार्फत कारोबार भएको भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो । उहाँले वैदेशिक मुद्राको सञ्चितिलाई सन्तुलित गर्न सरकारले १० वटा विलासी वस्तुको आयातमा लगाएको प्रतिबन्धकै कारण कारोबार कम भई राजस्व सङ्कलनमा समेत असर परेको बताउनुभयो ।

असार ३१ गते नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी चारपाङ्ग्रे सवारीसाधन लागायतका विलासी वस्तुको आयातमा प्रतिबन्ध लगाएपछि वीरगञ्ज नाकाको कारोबारमा कमी हुँदै गएको सूचना अधिकारी गुप्ताले जानकारी दिनुभयो । उहाँले आर्थिक वर्षको पहिलो महिनामा राजस्व सङ्कलन तथा कारोबारमा केही गिरावट देखिए पनि आउने दिनमा राजस्व सङ्कलनमा सुधार हुँदै जाने बताउनुभयो । सरकारले राजपत्रमा प्रकाशित गरी लगाएको प्रतिबन्ध हटाइएकाले कारोबारमा बढोत्तरी हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

कारोबारमा देखिएको सङ्कुचनकै कारण वीरगञ्ज भन्सारले राजस्व सङ्कलनको मासिक लक्ष्य हासिल गर्न सकेको छैन । साउन महिनाका लागि भन्सार विभागले रु १५ अर्ब २० करोड सात लाख राजस्व सङ्कलनको लक्ष्य दिएको तुलनामा कार्यालयले रु दुई अर्ब २१ करोड आठ लाख कम अर्थात् रु १२ अर्ब ९८ करोड ९९ लाख मात्र राजस्व हासिल गरेको अधिकृत गुप्ताले जानकारी दिनुभयो ।

# न्यूनतम योग्यता नपुगेका न्यायाधीशलाई हटाउन सकिन्छ : सर्वोच्च अदालत

काठमाडौँ, ९ भदौ (रासस) ।

सर्वोच्च अदालतले निर्धारित न्यूनतम योग्यता नपुगेका न्यायाधीशलाई न्याय परिषद्ले हटाउन सक्ने आदेश गरेको छ । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले मङ्गलबार न्यायाधीशको योग्यतासम्बन्धी संविधानले तोकेको व्यवस्थाअनुसार न्याय परिषद्ले जुनसुकै अवस्थामा पनि हटाउन सक्ने आदेश गरेको हो ।

योग्यता नपुगेको उल्लेख गर्दै बर्खास्तमा पर्नुभएकी उच्च अदालत तुल्सीपुरकी न्यायाधीश रेणुका साहले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो । "नियुक्ति गर्ने निकाय वा अधिकारीमा बर्खास्त गर्ने अधिकार पनि रहन्छ भन्ने कानुनी मान्यता रहेको छ," आदेशमा भनिएको छ, "कुनै योग्यता नपुगेको व्यक्तिलाई न्यायाधीश पदमा नियुक्ति गरिएको अवस्थामा सो कुरामा सुधारका लागि अन्य वैकल्पिक कानुनी समाधानको मार्ग नरहेको हुँदा न्याय परिषद्ले नै निर्णय लिनसक्ने अर्थमा पनि रिट निवेदकलाई पदमुक्त गरिएको विषयलाई हेर्नुपर्ने अवस्था रहेको देखिन्छ ।"

कुनै सार्वजनिक जवाफदेहीको पदमा नियुक्तिसम्बन्धी निर्णय गर्ने निकाय वा पदाधिकारीको जवाफदेहीता अवश्य नै रहने र यसका अतिरिक्त, स्वयम् नियुक्त हुने पदाधिकारीमा पनि सो कुराको जवाफदेहीता रहने आदेशमा छ । आदेशमा भनिएको छ, "निर्धारित न्यूनतम योग्यता नपुगेका व्यक्तिलाई कुनै पनि सार्वजनिक जवाफदेहीता रहेको पदमा नियुक्त गर्नु हुँदैन ।" न्यायाधीश नियुक्ति र पदमुक्त गर्नेसम्बन्धी समग्र प्रावधानहरू तथा न्यायिक अभ्यास र सिद्धान्तको सापेक्षतामा पूर्ण सुनुवाइको अवस्थामा नै सबै प्रश्नहरूको निरुपण गर्नु उचित देखिएको आदेशमा छ ।

न्याय परिषद्को गत असार २४ गते बसेको बैठकले न्यायाधीश साहलाई योग्यता नपुगेको उल्लेख गरी बर्खास्त गर्ने निर्णय गरेको थियो । सोही निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन साहले दायर गर्नुभएको थियो । रिट निवेदनमा आफूले पाँच वर्ष काम गरिसकेपछि नियतबस हटाउने उल्लेख थियो ।

साहमाथि पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहकी छोरी भएको नाताले लामो समय सीटीईभीटीमा कार्यरत रहेको भए पनि पहुँचका आधारमा उच्च अदालतको न्यायाधीश बनाएको आरोप लागेको छ । परिषद्ले उच्च अदालतको न्यायाधीश बन्ने योग्यता नपुगेको उल्लेख गर्दै न्यायाधीश पदबाट बर्खास्त गरेको थियो । सर्वोच्च अदाललको न्याय परिषद्ले योग्यता नपुगेका न्यायाधीशलाई हटाउन सकिने व्याख्या गरेको छ ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### इथियोपियामा पुनःहिंसा बढेकामा संयुक्त राष्ट्रसंघीय महासचिव स्तब्ध

संयुक्त राष्टसङ्घ, ९ भदौ (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटर्रेसले इथियोपियामा पुनःहिंसाको सुरुवात भएकामा आफू स्तब्ध भएको बताउनुभएको छ ।

उहाँले भन्नुभएको छ, इथियोपियामा बढेको हिंसाले मलाई निकै दुःखी तुल्याएको छ, म स्तब्ध भएको छु । उहाँका गिरे, अमराह, ओरोमस, अफ्रासलगाायतका क्षेत्र यसअघि नै निकै लामो समदेखि हिंसाको चपेटामा परेका छन्, यहाँ थप हिंसा भड्किएको छ यसले मलाई स्तब्ध बनाएको छ ।

उहाँले यहाँका विद्रोही र सरकारबीचमा जतिसक्दो चाँडो शान्ति वार्ताका लागि पनि जोड दिनुभएको छ । तर वार्ताका माध्यमबाट समस्याको समाधान गर्ने पक्षमा यहाँका विद्रोही नरहेका अधिकारीहरुले जनाएका छन् ।

इथियोपियामा हिंसा गरिरहेका टिगरे पिपुल्स लिबरेसन फन्ट, टिपीएलएफले यहाँ केही वर्षयतादेखि हिंसा मच्चाइरहेको छ । उनीहरुको सशस्त्र विद्रोहमा परेर कैयौं नागरिकको ज्यान पनि गएको छ । संयुक्त राष्ट्रसङ्घले पटक पटक यहाँ शान्ति स्थापनाका लागि सरकार र टिपिएलएफका बीचमा वार्ता गर्न आग्रह पनि गरिरहेको छ ।

केही दिनयतादेखि यहाँको सरकारले वार्ताका लागि गरेको आग्रहलाई बुधबार सो विद्रोही समूहले अस्वीकृत गरेको छ । उता संयुक्त राष्ट्रसङ्घले भने शान्तिवार्तामा जोड दिँदै आएको छ । किनभने टिगरेलगायतका यहाँका कतिपय स्थानमा जारी रहेको हिंसाका कारण मानवीय सहायता लिएर गएका सहायताकर्मीलाई पनि सहायता बाँड्न दिएका छैनन् ।

संयुक्त राष्टसङ्घका कैयौं कर्मचारी यहाँका विद्रोहीले नियन्त्रणमा लिने र खाद्यान्नलगायतको सहायता सामग्री पनि लुट्ने गरेका छन् ।

### भारतमा कोरोना संक्रमितको संख्या आठ हजार पाँचभन्दा बढी

नयाँदिल्ली, ९ भदौ (रासस/एएनआई) ।

भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा बढी भएको छ । यहाँ २४ घण्टाको समयावधी अर्थात बुधबार मध्यरातिसम्म दश हजार सात सय २५ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बिहीबार सार्वजनिक गरेको छ ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ७८ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । भारतमा एक दिन अगाडि अर्थात बुधबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा दश हजार छ सय ४९ जनामा सङ्क्रमण देखापरेको थियो ।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९४ हजार चार सय ४७ जना रहेका छन् । गत २४ घण्टाको समयावधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार चार सय ८८ भन्दा बढीको मृत्यु भएको छ ।

भारतमा हिजो एक दिनमा १३ हजार ८४ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३७ लाख चार सय ५७ जना कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो ।

सो समयबाट हालसम्म दुई अर्ब दश करोड ८२ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ । भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ३९ लाख १६ हजार सात सय २३ जना कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

यसैबीच दक्षिण कोरियामा बुधबार मध्यरातसम्मको अभिलेखअनुसार हिजो मात्र एकलाख १३ हजार तीन सय ७१ नयाँ कोभिड-१९ का बिरामी थपिएका छन् । योसँगै देशमा कारोना पीडित हुनेको सङ्ख्या दुई करोड २७ लाख एक हजार चार सय ७५ पुगेको स्वास्थ्य अधिकारीले मङ्गलबार जनाएका छन् । यो घात सङ्क्रमणबाट सोमबार एक सय आठले ज्यान गुमाएका छन् । देशमा कोभिड सङ्क्रमणका कारण ज्यान गुमाउनेको सङ्ख्या २६ हजार तीन सय ३२ पुगेको छ ।

### श्रीलङ्काका पूर्वराष्ट्रपति गोटाबाया सेप्टेम्बरको शुरुमा स्वदेश फर्किने

कोलम्बो, ९ भदौ (रासस-एएनआई) ।

श्रीलङ्काका पूर्वराष्ट्रपति गोटाबाया राजापाक्षे थाइल्याण्ड निर्वासनको केही दिनपछि सेप्टेम्बरको पहिलो हप्तामै स्वदेश फर्कने तयारीमा छन् । राजापाक्षे सेप्टेम्बर २ वा ३ मा फर्किने सम्भावना रहेको डेली मिररले स्रोतलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । कोलम्बोमा चर्को राजनीतिक विरोधपछि र देशको आर्थिक सङ्कटबाट आक्रोशित प्रदर्शनकारीबाट खतरा देखेपछि उनी गत जुलाई १३ को बिहान श्रीलङ्काबाट भागेका थिए ।

सिङ्गापुर पुगेपछि उनले राष्ट्रपति पदबाट राजीनामा दिएका थिए जहाँ उनलाई १४ दिने भ्रमण पास जारी गरिएको थियो । अगस्ट ११ मा पूर्वराष्ट्रपति श्रीलङ्का सरकारको अनुरोधमा थाइल्याण्ड पुगेका थिए । उनको मिरिहाना निवासमा कडा सुरक्षा व्यवस्था गरिएको छ ।

थाइल्याण्डले श्रीलङ्काका पूर्वराष्ट्रपतिले देशमा शरण मागेको खबरलाई अस्वीकार गरेको छ । थाइल्याण्डको विदेश मन्त्रालयले राजपाक्षेलाई राजनीतिक शरण नलिने उद्देश्यले देश भ्रमण गर्न अनुरोध गरेको बताएको छ । यसअघि श्रीलङ्का पोदुजाना पेरामुना (एसएलपीपी)ले राष्ट्रपति रनिल विक्रमासिङ्घेलाई पूर्वराष्ट्रपति फिर्ताको व्यवस्था गर्न अनुरोध गरेको थियो । त्यसलगत्तै राष्ट्रपतिले राजापाक्षेलाई देश फर्काउने व्यवस्थाबारे छलफल गर्न सम्पर्क गरेको बताइएको छ ।

गोटाबायाका भाइ महिन्दा राजापाक्षे नेतृत्वको एसएलपीपीले बिहीबार वर्तमान राष्ट्रपति रनिल विक्रमासिङ्घेसँगको भेटमा उक्त माग राख्दै गोटाबाया राजापाक्षेलाई श्रीलङ्कामा सुरक्षित यात्रा सुनिश्चित गर्न राष्ट्रपतिसँग अनुरोध गरेको छ ।

# अखाद्य बस्तुको प्रयोगले वर्षेनी ६० करोड उपभोक्ताले ज्यान गुमाउँदै




**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

अखाद्य बस्तुको प्रयोगले गर्दा विश्वभर वर्षेनी ६० करोड भन्दा बढी मानिसले अकालमै ज्यान गुमाउनु परेको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको बिहीबार आयोजना तथा सप्तरी उद्योग बाणिज्य संघको सहआयोजनामा आयोजित उपभोक्ता तथा अन्य सरोकारवालाहरुसँगको खाद्य स्वच्छता सम्बन्धी सचेतना कार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो ।

स्वास्थ्यलाई हानी हुनेगरी सडेगलेको, म्याद गुज्रेको तथा विषक्त अवस्थामा राखिएको खाद्य पदार्थको उपयोगले वर्षेनी ६० करोडले अकालमै ज्यान गुमाउने गरेको तथ्य विश्व स्वास्थ्य संगठनले पनि हालै सार्वजनिक गरिसकेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश सिंहले बताए ।

कार्यक्रममा विश्व खाद्य संगठनको हवाला दिँदै प्रस्तुत प्रतिवेदनमा अखाद्य बस्तुको प्रयोगले विश्वभरिमा वर्षेनी ६० करोड, मासिक ४ लाख र दैनिक एक हजार २ सय जनाको दरले सर्वसाधारणले ज्यान गुमाई रहेको उल्लेख गरिएको छ ।

उनले भने "उपभोक्ताले सेवन गर्ने खाद्य पदार्थ कुन उपयुक्त/कुन अनुपयुक्त छुट्टयाउन नसक्दा र सरसफाईको ध्यान नराख्दा यो भयावह स्थिति देखिएको हो, यसबाट जोगिन उपभोक्ता आफै पनि सचेत हुनु जुरुरी छ ।"

कार्यक्रममा खाद्य निरिक्षक राजिव बुढाथोकीले खाद्य स्वच्छता र खाद्य पोषण सम्बन्धी दुई घण्टे तालिम प्रदान गर्दै ज्ञान बाडेका थिए । उनले दुषित खाद्य पदार्थको परिभाषा स्पष्ट पार्दै यसको सेवनले हुने हानी नोक्सानी र यसबाट बच्ने उपायबारे सहभागिलाई तालिम प्रदान गरेका छन ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा, उद्योग बाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेती, उपभोक्ता मञ्चका अध्यक्ष राजकुमार गुप्तालगायतले खाद्य स्वच्छताका लागि अपनाउनु पर्ने सावधानी बारे आ-आफ्नो सुझाव राखेका थिए ।

# नेकपा एसद्वारा निर्वाचन कार्यतालिका सार्वजनिक

काठमाडौं, ९ भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)द्वारा गठित प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले यही भदौ १० गतेभित्र जिल्ला कमिटीसमक्ष सम्भावित उम्मेदवारको नाम सिफारिस गर्ने भएको छ ।

जिल्ला कमिटीले भदौ १२ गतेभित्र प्रदेश कमिटीलाई उम्मेदवार सिफारिस गर्ने र प्रदेश कमिटीले भदौ १५ गतेभित्र पार्टीको केन्द्रीय कार्यालयमा नामावली पठाउने कार्यतालिका रहेको छ । केन्द्रीय कमिटीले भदौ २० गतेभित्र उम्मेदवारको टुङ्गो लगाउने पार्टी प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

उहाँले अगामी मङ्सिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्न समयतालिका तय गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानको रक्षा, संसद् पुनःस्थापना, मुलुकमा राजनीतिक स्थिरताका लागि आफ्नो पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।"

देशभरका लोकतान्त्रिक समाजवादी शक्ति एक ठाउँ भएर मुलुकको स्थिरता र स्थायित्वका लागि संसद् पूर्णकाल सञ्चालन गरी आगामी मङ्सिर ४ गते निर्वाचन गर्न लागिएको उहाँले जानकारी दिँदै निर्वाचनमा साझा उम्मेदवार उठाइने बताउनुभयो ।

प्रचार विभाग प्रमुख खतिवडाले पार्टीले अहिलेसम्म करिब सात लाख सदस्यता वितरण गरिसकेको जानकारी दिनुभयो । पार्टी स्थापनाको एक वर्षका अवधिमा दुई लाखभन्दा बढी व्यक्ति पूर्णकालीन सदस्य तथा पाँच लाख साधारण सदस्य भएको उहाँले जनाउनुभयो । पाँच हजार वडा विस्तार गरेको पार्टीले गत वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा २७ प्रतिशत सिटमा उम्मेदवारी दिएको थियो । निर्वाचनमा नौ लाखभन्दा बढी मत प्राप्त भएको पार्टीले जनाएको छ । नेकपा (एमाले)को वैचारिक दृष्टिकोणबाट असहमति प्रकट गर्दै नेता तथा कार्यकर्ताको विद्रोहबाट पार्टीको जन्म भएको थियो ।

# पार्टीको स्थापना दिवसमा नेकपा एसद्वारा विचार गोष्ठी




**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

नेकपा एकिकृत समाजवादीको स्थापना दिवसको अवसरमा बिहीबार राजविराजमा विचार गोष्ठीको आयोजना गरिएको छ ।

नेपाल बुद्धिजिवि परिषद् (समाजवादी) सप्तरीका अध्यक्ष अनिलकुमार अनलको अध्यक्षता तथा पार्टीका स्थायी समिति सदस्य रामप्रित पासवानको प्रमुख आतिथ्यमा आयोजित गोष्ठीमा विशिष्ट अतिथि पार्टीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरी, परिषदका केन्द्रिय सचिवालय सदस्य नथुनी दास, प्राध्यापक डा. शुशिल कर्ण लगायतले वर्तमान अवस्थामा पार्टीको पुर्नगठन र औचित्य बारे चर्चा गरेका थिए ।

यसैबीच स्थापना दिवसकै अवसरमा बिहीबार साँझ राजविराजस्थित गजेन्द्र चौकमा पार्टीको झण्डा झुण्ड्याइनुका साथै दिपप्रज्वलन गरिएको थियो । सोही अवसरमा जिल्लाभरी विभिन्न कार्यक्रम गरि मनाइएको छ ।

# अजिङगरको उद्धार

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको कंचनरुप नगरपालिका १० बदगामामा फेला परेको ठूलो खालको अजिङगरलाई बिहीबार उद्धार गरिएको छ ।

स्थानीय डम्बरखडगा यादवको फुसको घरकोमाथि चारमा रहेको उक्त अजिङगरलाई उद्धार गरिएको हो ।

सबडिभिज वन कार्यालयबाट गएको टोलीले अन्दाजी छ/सात फिट लामो लोपोन्मुख अजिङगरलाई उद्धार गरिएको वन कार्यालयका प्रमुख रामदेव चौधरीले जनाकारी दिएका छन् ।

करिब १० केजीको उक्त अजिङगरलाई उद्धार गरी कोसी टप्पु वन्यजन्तु आरक्षणस्थित कोसी नदीको पानीमा छाडिएको उने बताए ।


## सूचना । सूचना ।। सूचना ।।।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)
**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४
**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी



## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS
Best Remit
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*